श्री

# स्याङ्ग्जा जिल्ला अदालत

(प्रशासन शाखा)

आ.व. – ०७७/०७८ मिति :-२०७८।०३।०८

चलानी नं.

## मिति २०७८।०३।०८ मा जारी भएको सूचना!!!

नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहरको रोकथाम तथा नियन्त्रण सम्वन्धमा जिल्ला प्रशासन कार्यालय स्याङ्ग्जाबाट संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम पुन छैटौं पटक मिति २०७८।०३।०७ गते राती १२ बजेदेखि २०७८।०३।१५ गते राती १२ बजेसम्म स्याङ्ग्जा जिल्ला भर लागु हुने गरी मिति २०७८।०३।० मा जारी भएको निषेधाज्ञा आदेशको बुँदा नं. १ मा "निषेधाज्ञा अवधीभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै ब्यक्ति घर बाहिर ननिस्कने" र बुँदा नं. ७ मा "स्वास्थ्य, सुरक्षा, संचार बिद्युत, खानेपानी , दमकल वाट प्रवाह हुने सेवा तथा बिकास निर्माणसँग सम्बन्धित सबै सेवा सुचारू रहने। अन्य सरकारी कार्यालयहरू सिमित सेवाहरू सञ्चालन गर्ने गरी खुला रहनेछन्। सरकारी कार्यालयहरूवाट प्रदान गर्न सकिने सेवाहरूको सम्बन्धमा सम्बन्धित कार्यालयहरूले आवश्यक जानकारी गराउने " भन्ने उल्लेख भएको साथै सम्मानित सर्बोच्च अदालतको मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्तीको बुँदा नं. २ मा उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूको हकमा स्थानीय परिस्थिती एवं जोखिमको अवस्थाको मूल्याङ्कनको आधारमा उपयुक्त देखीएको काम कारबाही र सेवा प्रवाहको ब्यवस्था सम्बन्धित अदालत तथा न्यायाधिकरणहरूले मिलाउने भन्ने उल्लेख भए बमोजिम हालको परिस्थितीमा सेवाग्राही तथा कानून ब्यवसायी समेतको उपस्थितीको असहजता एवं कोभिड संक्रमणको जोखिम न्यूनिकरण गर्नुपर्ने आवश्यकतालाई मध्येनजर गर्दै यस अदालतवाट प्रवाह हुने सेवाहरूमा सूचना प्रबिधीको अधिकतम प्रयोग गरी मिति २०७८।०३।०८ देखी २०७८।०३।१५ गतेसम्म निम्न प्रकारका सेवाहरूमात्र प्रवाह गर्ने र अन्य सेवा स्थगन गर्ने गरी यस अदालतवाट मिति २०७८।०३।०८ मा निर्णय भएकाले सम्बन्धित सरोकारवालाहरूलाई सूचित गरिन्छ।

### सेवा प्रवाह हुने कार्यहरू

- बन्दीप्रत्यक्षीकरणको निबेदन
- कोभिड-१९ सँग सम्बन्धित निबेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य
- अभियुक्त हिरासतमा रहेका मुद्दाको अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेशको कार्य
- पक्राउ पूर्जी जारी गर्ने , पक्राउ पूर्जीको अनुमती, जरूरी पक्राउ पूर्जी सदर र म्याद थप सम्बन्धी कार्य, कल डिटेल्स अनुमती दिने कार्य

- बिशेष प्रकृतिका निबेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य
- मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ नं. का निबेदन
- बाल सुधार गृहमा रहेका बालबालिका अभिभावक जिम्मा लगाउने सम्बन्धी निबेदन सुनुवाई
- कसुर कायम भई सजाय निर्धारणको लागि तोकिएका सरकारवादी फौजदारी मुद्दाहरूको सुनुवाई
- दर्ता भइसकेका बिचाराधीन मुद्दाहरूको मिलापत्र प्रमाणिकरण
- मुद्धा फिर्ता निवेदन दर्ता र फिर्ता आदेश , डिसमिस गर्ने र तामेलीमा राख्ने कार्यहरू
- मिलापत्र प्रयोजनका लागि दर्ता हुन आएका फिराद, प्रतिउत्तरपत्र दर्ता र तत्सम्बन्धी कारवाही र प्रमाणिकरण
- घरेलु हिंसा सम्बन्धी निबेदन दर्ता तथा अन्तरिम संरक्षणात्मक आदेश समेतको काम कारवाही
- निषेधाज्ञा मुद्दा दर्ता तथा कारवाही
- बिशुद्ध थुनामा रहेका प्रतिवादी संलग्न रहेका सरकारवादी फौजदारी मुद्दाको सुनुवाई
- दुबै पक्ष उपस्थित भई मुद्दा सुनुवाई गरी पाँउ भनी मुद्दाका पक्षहरूले निबेदन दिएमा नियमानुसार पेशी चढाई सुनुवाई
- माथि उल्लेखीत सेवाहरू प्रवाह गर्दा सम्भव भए सम्म बिद्युतीय माध्यमवाट सूचना प्रबिधीको प्रयोग गरी गर्ने।

काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको उक्त अबधी भित्रको मुद्दा, रिट तथा निबेदनहरूमा रहेको हदम्याद , म्याद तारेख नगुज्रीने ।

**पुनश्च – यसवाट सेवाग्राहीमा पर्न गएको असुबिधाको लागि स्याङ्जा जिल्ला अदालत क्षमा प्रार्थी छौ ।**

**आफु सुरक्षीत बनौ अरूलाई पनि सुरक्षित राखौ**